समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

राष्ट्रिय दैनिक

'क' वर्गमा सूचीकृत

kalpristhanews.com

कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK

वर्षः २९, अंकः९६
बिहीबार,३ मंसिर २०८३
(Thursday, 19 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा

हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

हुलाकी सडकले फेरिँदै दुर्गम गाउँको मुहार



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २ मंसिर

हुलाकी सडक निर्माणसँगै बाँकेका दुर्गम गाउँको आवागमन सहज भएको छ। सडक सञ्जाल विस्तार भएपछि राप्ती सोनारी गाउँपालिकाका बैजापुर, बिनौना र फत्तेपुर तथा नरैनापुर क्षेत्रका बासिन्दालाई सदरमुकाम नेपालगन्ज आउजाउ गर्न सहज भएको छ।

हुलाकी सडकले राप्ती सोनारीको बैजापुरदेखि नरैनापुरको सुइया बघौडासम्मका क्षेत्रलाई नेपालगन्जसँग सिधा जोडेको छ। विगतमा दुर्गम मानिने नरैनापुरबाट अहिले आधा घण्टामै नेपालगन्ज पुग्न सकिने नरैनापुरका स्थानीय अगुवा सोहनलाल यादवले बताए।

"पहिले भारतको बाटो हुँदै नेपालगन्ज पुग्नुपर्थ्यो, अहिले आधा घण्टामै पुगिन्छ," उनले भने, "हुलाकी सडक नरैनापुरवासीका लागि जीवनरेखा बनेको छ।"

उनका अनुसार बाँकेमा राप्ती सोनारीको फत्तेपुरस्थित कुण्डादेखि बैजापुरको नारायणपुरसम्म २१ किलोमिटर, नेपालगन्ज-गुलरिया सडकखण्डको २८ किलोमिटर र नेपालगन्जको पुष्पलाल चोकदेखि पूर्वतर्फ १० किलोमिटर हुलाकी सडक निर्माण भएपछि ग्रामीण क्षेत्रको आवागमन सहज भएको हो।

हुलाकी सडक निर्माणसँगै राप्ती नदीपारिका बैजापुर, बिनौना र फत्तेपुर क्षेत्रमा आर्थिक तथा व्यावसायिक गतिविधि बढेको राप्ती सोनारी गाउँपालिका-३ का वडाध्यक्ष मीनकुमार चौधरीले बताए। "हुलाकी सडक बनेपछि सोनारी क्षेत्रका जनताले विकासको अनुभूति गर्न पाएका छन्। व्यावसायिक कारोबार बढेको छ," उनले भने, "मानिसको आवागमन र चहलपहल बढेसँगै घरेलु तथा साना उद्योग र व्यवसाय पनि फस्टाउँदै गएका छन्।"

सडक निर्माणपछि राप्तीपारिका धार्मिक तथा पर्यटकीयस्थलमा आन्तरिक पर्यटकको आवागमन पनि बढेको उनले बताए। बैजापुरस्थित प्रसिद्ध भुवरभवानी मन्दिर, बाबा बर्फानी तथा बिनौनास्थित धुमैया उद्यान र नवनिर्मित राप्ती पुलमा घुम्न जानेको संख्या बढ्दै गएको उनको भनाइ छ।

हुलाकी सडकसहितका पूर्वाधार विकासले सोनारी क्षेत्रका बासिन्दाको आर्थिक तथा सामाजिक जीवनस्तरमा सकारात्मक प्रभाव पारेको राप्ती सोनारी-५ बिनौनास्थित भुवरभवानी माध्यमिक विद्यालयका प्राचार्य चेतबहादुर बिष्टले बताए।

नेपालगन्ज-बघौडा हुलाकी सडकसँगै राप्ती सोनारी गाउँपालिका-६ को कुण्डादेखि नारायणपुर हुँदै अगैयामा पूर्व-पश्चिम राजमार्ग जोड्ने सडक विस्तार भएपछि साना तथा ठुला सवारी साधनको आवागमन बढेको उनले बताए। नेपालगन्जबाट कोहलपुर हुँदै अगैया पुग्ने मुख्य राजमार्गको तुलनामा यो सडक छोटो पर्ने भएकाले सवारी साधनले उक्त मार्ग प्रयोग गर्न थालेका हुन्।

हुलाकी सडकसहितका पूर्वाधार निर्माणले राप्ती सोनारी क्षेत्रमा व्यावसायिक गतिविधि बढाएको स्थानीय अगुवा जमानसिंह वलीले बताए। सडकले बाँकेका बासिन्दालाई विकासको अनुभूति गराएको उनको भनाइ छ।

पश्चिम नेपालका तीन आयोजनाको ठेक्का रद्द

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २ मंसिर



तीन अलपत्र आयोजनाको ठेक्का सम्झौता अन्ततःतोडिएको छ। तोकिएको समयभित्र निर्माण तथा मर्मत सम्पन्न गर्न नसकेका आयोजनाको सम्झौता रद्द गरिएको हो।

सडक डिभिजन कार्यालय नेपालगन्जमार्फत सञ्चालित रत्न राजमार्ग अन्तर्गत जमुनाहादेखि पन्ध्रे खोलासम्मको सडकखण्डको मर्मत कार्य, बर्दियाको औरही नदीपुलको पहुँचमार्ग सुधार आयोजना र ठाकुर बाबास्थित ओम आदर्श विद्यालयदेखि भद्दी जोड्ने सडक सुधार आयोजनाको ठेक्का तोडिएको कार्यालयका प्रमुख नरेन्द्र प्रसाद भट्टले जानकारी दिए।

पटक पटक म्याद थप गर्दा समेत काम अधि बढ्न नसकेपछि ठेक्का तोड्ने निर्णय गरिएको हो। रत्न राजमार्गको उक्तखण्डको मर्मत कार्य गतवर्ष नै सम्पन्न गर्नुपर्ने थियो।

त्यसैगरी, औरही नदी पुलको पहुँचमार्ग सुधार र ओम आदर्श विद्यालय देखि भद्दी जोड्ने सडक सुधार आयोजना आर्थिक वर्ष २०८१/८२ भित्र सम्पन्न गर्नुपर्ने भए पनि निर्धारित समय भित्र काम पूरा हुन सकेन।

पटक पटक म्याद थप गर्दा समेत निर्माण कार्यले गतिलिनन सकेपछि भौतिक पूर्वाधार मन्त्रालयको निर्देशनमा उक्त आयोजनाको ठेक्का सम्झौता तोडिएको हो।

प्रगतिको सम्भावना नरहेका रुग्ण आयोजनाको ठेक्का तोडेर नयाँ प्रक्रियामार्फत निर्माण कार्य अघि बढाउन मन्त्रालयबाट आवश्यक निर्देशन आएकाले अब रुग्ण आयोजनालाई निरन्तरता दिनुको सट्टा नयाँ प्रक्रियाबाट काम अघि बढाउने तयारी भएको छ।

सडक डिभिजन कार्यालय नेपालगन्जअन्तर्गत नयाँ प्रक्रियाबाट बर्दियाको गुलरिया नगरपालिका-४ बगही र बारबर्दिया नगरपालिका-११ जब्दी जोड्ने बबई नदीको जब्दीघाटमा नयाँ पुल निर्माणका लागि ठेक्का सम्झौता भएको छ।

सडक डिभिजन कार्यालय नेपालगन्ज र भरतपुर-३, चितवनस्थित एम आर एन्ड ग्रुपबीच गत कात्तिक १६ गते पुल निर्माण सम्बन्धी सम्झौता भएको कार्यालयका प्रमुख तथा सिनियर डिभिजन इन्जिनियर भट्टले जानकारी दिए।

सम्झौता अनुसार निर्माण कम्पनीले ४२ महिना भित्र पुल निर्माण सम्पन्न गर्नुपर्नेछ। रु ६७ करोड ४५ लाख ६९ हजार १५० लागतमा निर्माण हुने दुई लेनको पुल ४२० मिटर लामो र ११ मिटर चौडा हुनेछ। निर्माण व्यवसायीले सम्झौताको नौ महिना भित्र माटो परीक्षण प्रतिवेदन र पुलको डिजाइन स्वीकृत गराउनुपर्नेछ।

सडक डिभिजन कार्यालय नेपालगन्जले २०८३ साल असारमा पुल निर्माणकालागि ठेक्का आह्वान गरेको थियो। ठेक्का प्रक्रियामा चार निर्माण व्यवसायीले प्रतिस्पर्धा गरेकामा प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन पछि एमआर एन्ड ग्रुप छनोट भएको कार्यालयले जनाएको छ।

पप्पु कन्स्ट्रक्सनले निर्माण गरेको जब्दी घाटको पुरानो पुल हस्तान्तरण नहुँदै २०७२ सालको बाढीले भासिएको थियो। पुल भासिएपछि ठूला सवारीसाधनको आवागमन बन्द भएपनि पैदल यात्री, मोटरसाइकल र अटोरिक्सा जस्ता साना सवारी साधन सञ्चालन हुँदै आएका थिए।

विसं २०७९ को बाढीले पुलका चारवटा मुख्य पिलर जोड्ने तीनवटा स्ल्याब बगाएपछि भने आवागमन पूर्ण रूपमा बन्द भएको भट्टले बताए।

आवश्यकता सम्बन्धी सूचना ।सूचना

प्रकाशित मिति : २०८३/०७/१९

यस शिखर ग्रुप अफ इण्डष्ट्रिज अन्तर्गत गणपति डोर एण्ड प्लाईबोर्ड इण्डष्ट्रिज प्रा.लि., कोहलपुर-१४ पार्वतिपुरको लागी तपशिल बमोजिमको कर्मचारी आवश्यकता भएकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको योग्यता पुगेका इच्छुक व्यक्तिहरूले तलको ठेगानामा आवेदन पेश गर्न हुन जानकारी गराइन्छ।

क्र.सं	पद	संख्या	कामको जिम्मेवारी	आवश्यक योग्यता	उमेर
०१	ईलेक्ट्रिसियन/मोटर वाईन्डिङ प्राविधिक (Electrician/ Motor winding Tchnician)	१ जना	• ८ औद्योगिक मोटर वाईन्डिङ, मर्मत तथा सर्भिसिङ गर्ने। • कारखाना मेसिन तथा उपकरणहरूको विद्युतीय मर्मत सम्भार र समस्या समाधान गर्ने। • थ्री-फेज मोटर, इलेक्ट्रिकल् प्यानल, स्टार्टर तथा वायरिङ सम्बन्धी काम गर्ने। • नियमित प्रिभेन्टिभ मेन्टेनेन्स गर्ने तथा विद्युतीय समस्या आएमा तत्काल समाधान गर्ने।	• सम्बन्धित क्षेत्रमा कम्तीमा २-३ वर्षको कार्य अनुभव भएकोलाई प्राथमिकता दिनेछ। • औद्योगिक विद्युतीय प्रणाली तथा मोटर वाइनडिङ सम्बन्धी व्यावहारिक ज्ञान भएको हुनुपर्नेछ। • उत्पादनमूलक उद्योगमा काम गरेको अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ।	२५ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

कार्यस्थल : मोर्डन डोर्स एण्ड उड प्रोडक्ट्स प्रा.लि औद्योगिक क्षेत्र, नेपालगंज बाँके
तलब : उम्मेदवारको अनुभव तथा क्षमता अनुसार आपसी सहमतिमा निर्धारण गरिने छ।
आवश्यक पर्ने कागजातहरू
- व्यक्तिगत विवरण (CV)
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- शैक्षिक प्रमाण पत्रको प्रतिलिपी
- अनुभवको प्रमाणपत्रको प्रतिलिपी

आवेदन बुझाउने ठेगाना
मोर्डन डोर्स एण्ड उड प्रोडक्ट्स प्रा.लि.
औद्योगिक क्षेत्र, नेपालगंज बाँके

थप जानकारीको लागि सम्पर्क नम्बर ९८०१५४७०१७



आईडी कार्ड
मात्र
रू. १५०/-
सम्पर्क:



मो. ९८५८०४९२१०,९८५८०५२५४४
नेपालगञ्ज-२, धम्बोझी

प्रिन्ट नेप

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

सम्पादकीय

कान्तितालको बेहाल

पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित करिब एक करोड रूपैयाँ खर्च गरेर निर्माण गरिएको नेपालगन्जको कान्तिताल पछिल्लो समय संरक्षण र व्यवस्थापनको अभावमा जीर्ण बन्दै गएको छ । पर्यटक आकर्षित गर्ने उद्देश्यले निर्माण गरिएका संरचना भत्किएका छन् भने ताल परिसर झाडी र बुट्यानले ढाकिँदै गएको छ । कुनै समय नेपालगन्जको पर्यटन विकासको सम्भावनाका रूपमा हेरिएको कान्तिताल अहिले सम्बन्धित निकायको बेवास्ता र कमजोर व्यवस्थापनको उदाहरण बन्न थालेको छ ।

नेपालगन्ज उपमहानगरपालिका-२१ र २२ मा फैलिएको कान्तितालमा निर्माण गरिएका रेलिङलगायतका पूर्वाधार भत्किनु, परिसरमा झाडी बढ्नु र संरचनाको नियमित मर्मतसम्भार नहुनुले यसको दयनीय अवस्था उजागर गरेको छ । सामान्य रेखदेख तथा मर्मतसम्भारसमेत हुन नसक्दा ठूलो सार्वजनिक लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । यसले विकास निर्माणका नाममा बजेट खर्च गर्ने तर निर्माणपछिको संरक्षणमा ध्यान नदिने प्रवृत्तिमाथि गम्भीर प्रश्न खडा गरेको छ ।

स्थानीय बासिन्दाले पटकपटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि समस्याको समाधान हुन नसकेको गुनासो गरेका छन् । नेपालगन्ज-२२ पुरैनीका स्थानीय चेतबहादुर थापाले कान्तितालको अवस्था बिग्रँदै गएकोप्रति चिन्ता व्यक्त गर्दै संरक्षण र रेखदेखको अभाव औंल्याएका छन् । उनका अनुसार कान्तिताल केवल पर्यटकीय पूर्वाधार मात्र होइन, विभिन्न प्रजातिका चराचुरुङ्गीको प्राकृतिक बासस्थानसमेत हो । त्यसैले यसको संरक्षण पर्यटन प्रवर्द्धनसँगै जैविक विविधता र स्थानीय पर्यावरण जोगाउने विषय पनि हो ।

वास्तवमा कान्तितालको महत्वलाई पर्यटकीय संरचनाको निर्माण र मनोरञ्जनको सम्भावनामा मात्र सीमित गरेर हेर्न मिल्दैन । ताल तथा सिमसार क्षेत्रले वातावरणीय सन्तुलन कायम राख्न, चराचुरुङ्गी र अन्य जीवजन्तुलाई आश्रय दिन तथा प्राकृतिक विविधता संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्छन् । तालको प्राकृतिक स्वरूप बिग्रँदै जाँदा त्यसले पर्यावरणीय प्रणालीमै असर पार्न सक्छ । त्यसैले कान्तितालको संरक्षणलाई नगरको पर्यटन विकास र वातावरणीय नीतिसँग जोडेर अघि बढाउन आवश्यक छ ।

ताल सञ्चालनका लागि वार्षिक २८ लाख रूपैयाँ राजस्व बुझाउने सम्झौता गरेका फनबहादुर गुरुङले पनि ताल परिसरका रेलिङ तथा अन्य संरचनामा क्षति पुगेको बताएका छन् । संरचना तोडफोड हुनु र सार्वजनिक सम्पत्तिको संरक्षण हुन नसक्नुले व्यवस्थापनको प्रभावकारितामाथि प्रश्न उठाएको छ । लागुऔषध प्रयोगकर्ताबाट संरचना तोडफोड भएको हुन सक्ने उनको भनाइ भए पनि यसको समाधान दोषारोपणमा होइन, प्रभावकारी सुरक्षा, नियमित अनुगमन र जिम्मेवार व्यवस्थापनमा खोजिनुपर्छ ।

नेपालगन्ज उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले विगतका योजनाले अपेक्षित नतिजा दिन नसकेको स्वीकार गर्दै सरोकारवाला निकायसँग छलफल गरेर नयाँ योजना बनाउने तयारी भइरहेको बताएका छन् । यो सकारात्मक संकेत भए पनि अब फेरि योजना बनाउने प्रतिबद्धतामै सीमित हुने छुट उपमहानगरपालिकालाई छैन । किनकि कान्तितालको विकासका लागि यसअघि नै ठूलो रकम खर्च भइसकेको छ । सात वर्षअघि सुरु गरिएको योजनाले अपेक्षित उपलब्धि दिन नसक्नुको कारण खोजिनुपर्छ । निर्माण भएका संरचना किन संरक्षण हुन सकेनन, खर्च भएको रकमअनुसार उपलब्धि किन देखिएन र व्यवस्थापनमा कहाँ कमजोरी रह्यो भन्ने विषयमा समीक्षा हुनु आवश्यक छ ।

नागरिक सरोकार मञ्च बाँकेका संयोजक कृष्णप्रसाद श्रेष्ठले पनि कान्तितालको तत्काल संरक्षण गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । स्थानीय नागरिकको यो मागलाई उपमहानगरपालिकाले गम्भीरतापूर्वक लिनुपर्छ । कान्तिताललाई जीर्ण अवस्थामा छाडेर नगरको पर्यटन विकासको परिकल्पना पूरा हुन सक्दैन ।

अब उपमहानगरपालिकाले कान्तिताल संरक्षणका लागि स्पष्ट कार्ययोजना सार्वजनिक गर्नुपर्छ । पहिलो चरणमा भत्किएका रेलिङ र अन्य संरचनाको मर्मत, ताल परिसरको सरसफाइ, झाडी व्यवस्थापन तथा सुरक्षा प्रबन्ध मिलाउनुपर्छ । त्यसपछि तालको प्राकृतिक स्वरूप र जैविक विविधता जोगाउने गरी दीर्घकालीन व्यवस्थापन योजना लागू गर्नुपर्छ । ताल सञ्चालनको जिम्मेवारी पाएको पक्ष, उपमहानगरपालिका र अन्य सरोकारवाला निकायबीच जिम्मेवारी स्पष्ट निर्धारण गरी नियमित अनुगमनको व्यवस्था पनि गर्नुपर्छ ।

त्यसैगरी, विगतमा खर्च भएको करिब १० करोड रूपैयाँको उपलब्धि र निर्माण गरिएका संरचनाको वर्तमान अवस्थाबारे पारदर्शी समीक्षा हुनुपर्छ । सार्वजनिक बजेटबाट निर्माण गरिएका संरचना संरक्षण गर्नु सम्बन्धित निकायको दायित्व हो । नयाँ बजेट र नयाँ योजना ल्याउनुअघि पुरानो लगानीको सदुपयोग किन हुन सकेन भन्ने प्रश्नको जवाफ खोजिनु उत्तिकै महत्वपूर्ण छ ।

कान्तिताल नेपालगन्जको पर्यटन, वातावरण र आर्थिक सम्भावनासँग जोडिएको सार्वजनिक सम्पत्ति हो । यसको संरक्षण गर्नु उपमहानगरपालिकाको मात्र नभई स्थानीय समुदाय र सबै सरोकारवालाको साझा जिम्मेवारी पनि हो । तर नेतृत्वदायी भूमिका र जवाफदेहिता स्थानीय सरकारकै हुनुपर्छ । विकास भनेको संरचना निर्माण गरेर उद्घाटन गर्नु मात्र होइन, त्यसको दीर्घकालीन उपयोगिता सुनिश्चित गर्नु पनि हो ।

करिब १० करोड रूपैयाँ खर्च गरेर निर्माण गरिएको कान्तिताललाई संरक्षणको अभावमा जीर्ण हुन दिनु सार्वजनिक लगानीको सदुपयोग हुन नसकेको अवस्था हो । त्यसैले अब आश्वासन होइन, परिणाम देखिने काम आवश्यक छ । कान्तिताललाई झाडी र भत्किएका संरचनाको थलोबाट पुनः व्यवस्थित पर्यटकीय गन्तव्य र जैविक विविधताको सुरक्षित आश्रयस्थल बनाउनेतर्फ उपमहानगरपालिकाले तत्काल ठोस कदम चाल्नुपर्छ । अन्यथा कान्तितालको नाममा गरिएको ठूलो लगानी कागजमा विकास र व्यवहारमा बेवास्ताको उदाहरण बनेर रहनेछ ।

सहकारी नियमनका आधार

नेपालमा सहकारिताको प्रयोग हुन थालेको सात दशक भइसकेको छ। प्रयोगकर्तामा सहकारीको मर्मबमोजिम सहकारीपन तथा सहकारिताको आभास भने कमजोर हुँदै गएको देखिन्छ। कतिपय सहकारी केवल केही व्यक्तिको निजी व्यावसायिक सङ्गठनका रूपमा विकास भए। असल अभ्यास गरेका, सहकारीपन भएका संस्थासमेत विश्वासको सन्देहमा पर्न पुगे। सहकारीको विश्वभरका असल अभ्यासलाई हेर्ने हो भने यो गम्भीर सवाल हो। नेपालको सन्दर्भमा सहकारीमार्फत बचत तथा ऋणको व्यवसाय (कारोबार) गर्ने सहकारी फस्टाए। यस कारण अरू प्रकृतिका सहकारी ओझेलमा पर्न गए। एकप्रकारले भन्ने हो भने बचत तथा ऋणको कारोबार नै सहकारीको पर्याय बन्दै गयो।

सहकारीको मूल्याङ्कन गर्दा बचत तथा ऋणको कारोबार मुख्य उद्देश्यका रूपमा अँगालेका सहकारी संस्था असल अभ्यासमा सञ्चालन भएका जस्तो देखियो। बाँकी सहकारी बेथितिमा सञ्चालन भएका जस्तो भान हुन पुग्यो। यद्यपि असल अभ्यासमा सञ्चालित सहकारी संस्थाको बाहुल्य भने कायम छ र रहनु पर्छ। असल अभ्यासमा सञ्चालन गरे पनि कतिपय संस्था वित्तीय मापदण्डको प्रयोगमा भने चुकेको देखिन्छ। बेथितिमा सञ्चालित सहकारीको कथाव्यथाका कारण सहकारी अभियान नै निराशाजनक रहन पुग्यो। समुदायको विश्वासमा सङ्कटको सामना गर्नुपर्ने अवस्था सिर्जना भयो। यसै कारण असल अभ्यासका सहकारी संस्था सङ्कट सामनाका लागि ठुलै लगानी गर्न निरन्तर बाध्य हुँदै आएका छन्।

सहकारी अभियान अन्तर्गत बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाले खोजेको नियमन कस्तो हो ? भन्ने विषयमा राज्य संरचना, अभियन्ता तथा वित्तीय सहकारी संस्थाका प्रयोगकर्ता अझै अन्योलमै छन्। आआफ्नो सहजताका आधारमा यसको व्याख्या भइरहेको छ। बुझाइ जस्तो रहे पनि राज्य संरचनाले नियमनका लागि बहुसंरचना तयार गर्दै नियमन मापदण्ड तथा निर्देशनको बाढी आइरहेको प्रयोगकर्ताले महसुस गरिरहेका छन्। यद्यपि, विसं २०८३ असार २५ गते राजपत्रमा प्रकाशित सहकारी ऐन २०७४ को संशोधनले बचत तथा ऋण सहकारी संस्थाको नियमाकीय अधिकार राष्ट्रिय सहकारी नियमन प्राधिकरण मात्र हो कि जस्तो देखिन्छ तर यो संशोधनले रजिस्ट्रारको अधिकार तथा प्रदेश तथा स्थानीय तहको आआफ्ना ऐन नियममा भएका व्यवस्थाको अधिकारबारे स्पष्ट नबोलेकाले बहुनियमन प्रथा र प्रयोग कायम नै रहेको पाइन्छ।

अर्को कुरा सहकारी भनेको स्वनियमनमा सञ्चालन हुने विषय हो। नियमनको बोझ लादेर सहकारीलाई सही बाटोमा हिँडाउन सकिँदैन। जबसम्म पूर्ण रूपमा समुदायमा निष्ठावान् व्यक्ति रहँदैनन् तबसम्म स्वनियमनको नाराले काम गर्न सक्दैन। बचत तथा ऋणको कारोबारसहित एकल, बहु वा अन्य उद्देश्य लिएका सहकारी संस्थामा वित्तीय सुशासनका लागि अत्यावश्यक विषय नियमन हो। सहकारीका केही सञ्चालकबाट भएका बेथितिका कारण पनि नियमनका चरण बढ्दै गएको हुन सक्छ। पहिला नै भएका असाधारण बेथितिको सम्बोधन भने अझै सहज देखिँदैन। एउटा सहकारीको बेथिति निराकरण गरेको भरमा समुदायको विश्वास फर्काउन भने सहज हुँदैन।

सहकारी ऐन नियमावलीमा भएका प्रावधान तथा ऐनबमोजिम गठित राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी भएका नियमन व्यवस्थाका परिपालनाका लागि दक्ष जनशक्ति अत्यावश्यक रहेको देखिन्छ। साधारण रूपमा सहकारीले वित्तीय कारोबार सञ्चालन गर्ने विषय पनि होइन। सहकारी सञ्चालनका मापदण्डको पालना, जोखिम पहिचान, जोखिम मापन तथा जोखिम व्यवस्थापनमा दक्ष जनशक्ति अत्यावश्यक पर्छ। कारोबारमा ठुलो हिस्सा कायम गर्न सकेका संस्थाले भने दक्ष मानवस्रोत व्यवस्थापन गर्दै नियम पूर्ण पालनामा सचेत रहनु पर्छ।

ग्रामीण समुदायमा सञ्चालित ससाना, समुदायमा प्रभावकारी कार्य गरेका, महिला समुदायमा सञ्चालितलगायतका सहकारीमा भने नियमन बोझिला भएको पनि देखिन्छ। यस्था संस्थाको निरन्तरताका लागि आवश्यक जनशक्ति निर्माण तथा विकासमा ध्यान दिँदै नियमन गर्नु पर्छ। सरकारको तर्फबाट कार्यरत जनशक्तिको दक्षता विकासमा विशेष जोड दिनु पर्छ। विद्यमान जनशक्तिलाई सहकारी सञ्चालनका विषयमा प्रभावकारी प्रयोगात्मक प्रशिक्षण दिएर दक्ष बनाउँदै लैजानु पर्छ।

नियोजनको जोखिम

नेपालको सहकारी अभियानको अवस्थालाई सूक्ष्म रूपमा अध्ययन तथा विश्लेषण गर्दा अधिकांश समुदायमा साना संस्थाको प्रभाव स्थानीय समुदायमा सकारात्मक र बढी प्रभावकारी देखिन्छ। बचत तथा ऋणको कारोबारमा केन्द्रित संस्थाले स्थानीय समुदायमा न्यून तथा मध्यम आय वर्गका व्यवसायमा आर्थिक मध्यस्थताको प्रभावकारी कार्य गर्दै आएका छन्। समुदायका बालबालिकाको वित्तीय सचेतना तथा बचत गर्ने बानीको विकासमा सहयोग गरेका छन्। नेपाल राष्ट्र बैङ्कको वित्तीय साक्षरता अभियानमा प्रत्यक्ष वा परोक्ष सहयोग पुऱ्याएका छन्।

नियामक निकायको हालको निरन्तर नियमन व्यवस्था, निर्देशन, मापदण्ड, परिपत्रलगायतका विषयले बेथितिको सुधारका अपेक्षा गर्न सकिन्छ। हालको नियमन व्यवस्थाले समुदायमा आधारित प्रभावकारी संस्थाको निरन्तरतामा भने ठुलै प्रश्नचिह्न खडा भएको देखिन्छ। कर्मचारी तथा सञ्चालक समितिका पदाधिकारीको शैक्षिक योग्यता तोकिनुले राज्यबाट विभाजन गरिएको भूगोलको आधारमा जनशक्तिको क्षमता र आवश्यकताको सम्बोधन गर्न सकेको छैन र सक्दैन पनि। महानगर, उपमहानगरमा सञ्चालित बचत तथा ऋणका कारोबार गर्ने संस्थामा पनि नियमनमा उल्लेख भएका स्तरका तथा योग्यता पुगेका जनशक्ति प्राप्त हुने अवस्था छैन। चाहे सञ्चालक समितिमा होस् वा कर्मचारीमा होस् योग्यता भएको र यस क्षेत्रमा कार्य गर्न तत्पर रहेको व्यक्तिको अभाव खड्किएको छ। मुलुकका दुर्गम क्षेत्र, नगरपालिका तथा गाउँपालिकालगायतमा पनि बचत तथा ऋण विषयमा कार्यरत सहकारी सञ्चालनमा तोकिएका जनशक्ति पाउनु चुनौती छ तर त्यस्ता संस्था समुदायमा वित्तीय सारथिको भूमिका निर्वाह गरेका र समुदायको अपनत्वमा सञ्चालन भइरहेका छन्।

अर्कोतर्फ वित्तीय सहकारी संस्था सञ्चालकमा रहने व्यक्तिको ऋण लिन नसक्ने व्यवस्था पनि समस्याकै रूपमा देखिन्छ। ग्रामीण समुदाय, महिला समुदायलगायतमा आपसी सद् भावका साथ सामुदायिक हितका लागि सहकारीको भावना तथा मर्ममा स्थापित भएका सहकारी संस्था छन्। त्यस्ता संस्थाको नेतृत्व त्यही समुदायका अलि क्षमता राख्ने व्यक्तिले गर्छन्। त्यस्ता क्षमतावान् व्यक्ति केही न केही पेसा व्यवसायमा संलग्न रहेकै हुन्छन्। हालको नियमन व्यवस्था र ऐनमा भएको व्यवस्थाले अन्य संस्थामा सदस्य बन्न नसक्ने र आफ्नो संस्थाबाट ऋण लिन नसक्ने प्रावधान राखेको छ। यस्तो प्रावधानका कारण सानो तर अब्बल संस्थामा सञ्चालक समितिमा रहेर कार्य गर्न तत्पर व्यक्ति अभाव हुने अवस्था सिर्जना भएको छ। यसबाट सहकारीमा थप नकारात्मक सन्देश जान सक्छ, जसले गर्दा ग्रामीण समुदायका संस्थाको निरन्तरता नै जोखिममा पर्ने देखिन्छ।

एकातर्फ योग्यता पुगेका कर्मचारी व्यवस्थापनको समस्या, अर्कोतर्फ योग्यतासहित सञ्चालक समितिमा रहने व्यक्तिको अभावका कारण साना समुदायका संस्थाको नियोजन हुने अवस्था देखा पर्न सक्छ। नियमन जारी गर्दा सहकारीको मर्म, आवश्यकताको सिद्धान्त तथा नेपालको भूगोलमा रहेको समुदायलाई अध्ययन गरेर सबैलाई समेटिने गरी वा अन्य केही आधार (जनशक्ति प्राप्यता, संस्थाको कारोबारको आकार, वितरित भूगोलको आधारलगायत विभिन्न विषय अध्ययन गरी) नियमन गरेमा थप प्रभावकारी र सहकारीमैत्री हुन सक्छ।

निष्कर्ष

यस समस्याको समाधान हुने गरी नियमन व्यवस्था प्रभावकारी बनाउन आवश्यक छ। राज्यको शैक्षिकस्तरका आधारमा योग्यतालाई मात्र प्राथमिकतामा नराखी संस्थामा कार्यरत तथा सम्भावित मानवस्रोतको क्षमता विकासको योजना बनाउन जरुरी छ। विषयविज्ञ तयार गर्न पाठ्यक्रम नै बनाएर अध्ययन अध्यापन गर्न सकेमा समाधानको आधार बन्न सक्छ। सहकारीका सिद्धान्त तथा मूल्य परिपालनासहित समुदायको आर्थिकस्तर विकासमा ध्यान दिनु पर्छ। मुलुकको वित्तीय सहभागितामा समुदायमा आधारित वित्तीय संस्थाका रूपमा रहेका यस्ता संस्थाको आधारलाई बलियो बनाउन पनि पहल जरुरी छ। -गोरखापत्र



कुबेर निरौला

नियामक निकायको हालको निरन्तर नियमन व्यवस्था, निर्देशन, मापदण्ड, परिपत्रलगायतका विषयले बेथितिको सुधारका अपेक्षा गर्न सकिन्छ। हालको नियमन व्यवस्थाले समुदायमा आधारित प्रभावकारी संस्थाको निरन्तरतामा भने ठुलै प्रश्नचिह्न खडा भएको देखिन्छ।

आईएनएफले मनायो मानपुरमा ७४औं स्थापना दिवस

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २ मंसिर





आईएनएफले बुधबार नेपालगन्जमा ७४औं स्थापना दिवस मनाएको छ। स्थापना दिवसको अवसरमा जानकी-३ मानपुरस्थित साइनिङ्ग अस्पताल, परिसरमा आयोजित एक विशेष कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका स्वास्थ्य मन्त्री दिपेन्द्र पुन मगरले कुष्ठरोग उपचारमा आईएनएफ साइनिङ्ग अस्पताललले खेलेको भूमिका प्रशंसनीय रहेको बताउनु भयो। उहाँले अस्पताललाई प्रदेश सरकारका तर्फबाट गर्न सकिने सहयोगका लागि प्रतिबद्ध रहेको बताउनु भयो।

कार्यक्रममा जिल्ला समन्वय समिति बाँके प्रमुख ज्ञानेन्द्र कुमार चौधरी, लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका स्वास्थ्य निर्देशक रोशनलाल चौधरी, स्वास्थ्य कार्यालय बाँकेका प्रमुख सुनिता पौडेल, नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष नवीन गिरीले शुभकामना मन्तव्य व्यक्त गर्नु भयो।

आईएनएफ अस्ट्रेलियाका सिईओ रिचर्ड रीभले नेपालका लागि गरिरहेको सहयोग र आगामी परियोजनाबारे बताउनु भयो। यस्तै साइनिङ्ग अस्पतालबाट उपचार सेवा लिएका गुलाम हसमत साई र निर्मला थापाले आफ्नो उपचार अनुभव सुखद रहेको बताउनु भयो।

आईएनएफ बोर्ड सदस्य सविना तिवारीको अध्यक्षतामा सम्पन्न ७४औं स्थापना दिवस कार्यक्रममा आईएनएफका मेडिकल सर्भिसेस डाइरेक्टर डा. अरूण कुमार बुढाले संस्थाको स्थापना, विगत र वर्तमान तथा भावी कार्यदिशाबारे बताउनु भयो। कार्यक्रम संचालन आईएनएफ साइनिङ्ग अस्पतालका प्रशासकीय अधिकृत नरेन्द्र साउदले गर्नु भयो।

सन् १९५२ मा नेपालमा स्थापित आइएनएफले हाल गण्डकी, लुम्बिनी, कर्णाली गरी चार प्रदेशका ११ जिल्लामा कार्य क्षेत्र बनाएर काम गरिरहेको छ। हरेक वर्ष नोभेम्बर १७ मा आईएनएफ दिवस मनाइन्छ।

सञ्जीवनी अस्पतालमा पवित्रा मृत्यु प्रकरण: जुटेन सहमति



कालपृष्ठ डेस्क

नेपालगन्ज, २ मंसिर

नेपालगन्जस्थित सञ्जीवनी कलेज अफ मेडिकल साइन्सेस (सञ्जीवनी अस्पताल)मा उपचारका क्रममा १९ वर्षीया सुत्केरी पवित्रा केसीको मृत्यु भएपछि उत्पन्न विवाद अझै समाधान हुन सकेको छैन। पीडित पक्ष, प्रहरी प्रशासन र अस्पताल प्रशासनबीच लगातार तीन दिनदेखि विभिन्न चरणमा वार्ता भए पनि सहमति जुट्न नसक्दा विवाद लम्बिएको हो।

पीडितका आफन्तहरूले दैनिकजस्तो अस्पताल अगाडि प्रदर्शन र नारावाजी गर्दै आएका छन्। उनीहरूको नारावाजी र आन्दोलनले अस्पतालको सेवा प्रवाहमा कुनै असर नपरेको जनाएको छ।

अस्पतालका प्रबन्धक कुमार अधिकारीले पीडित परिवारले अस्वाभाविक माग राखेका कारण सहमति हुन नसकेको बताएका छन्। "उहाँहरूले (पीडितका आफन्तले) पैसामा बार्गेनिङ गर्नुभएको छ। यो स्वीकार गर्न सकिने अवस्था छैन," उनले स्वास्थ्यपेजसँग भने, "हामीले कानुनी प्रक्रियामा जानुहोस् भनिसकेका छौं। अब वार्ता बस्ने कुरा पनि छैन। पीडित पक्षलाई हामीले स्पष्ट पारिसकेका छौं।"

पीडित पक्षले भने आफूहरूले जायज माग राख्दा पनि अस्पताल प्रशासनले बेवास्ता गरेकाले सहमति हुन नसकेको दाबी गरेको छ मृतक पवित्राकी अमाजु सजिता आचार्यले सहमति नभएसम्म शव नउठाउने बताइन्। पवित्राका हजुरबुवा इन्द्रप्रसाद लुइँटेल कामविशेषले काठमाडौंमा रहेकाले उनी भोलि नेपालगन्ज आएपछि कानुनी प्रक्रियामा जाने र शव व्यवस्थापनलगायतका विषयमा निर्णय गरिने आचार्यले बताइन्।

बर्दियाको बढैयाताल गाउँपालिका-७ की पवित्राको कात्तिक २९ गते राति १२:४५ बजे मृत्यु भएको थियो। उनको शव अहिले पनि अस्पतालमै राखिएको छ। पवित्राको कात्तिक २७ गते साँझ ५:४० बजे शल्यक्रिया गरिएको थियो। शल्यक्रियामार्फत उनले एक छोरा र एक छोरी गरी जुम्ल्याहा शिशुलाई जन्म दिएकी थिइन्। दुवै शिशुलाई अस्पतालको नवजात शिशु सघन उपचार कक्ष (एनआईसीयू) मा राखिएको छ।

गर्भावस्थासँग सम्बन्धित गम्भीर चिकित्सकीय जटिलता र संक्रमणका कारण शरीरका विभिन्न महत्त्वपूर्ण अङ्गले काम गर्न छाडेपछि पवित्राको मृत्यु भएको अस्पताललले जनाएको छ। अस्पताललले मृत्युको कारण 'मल्टिपल अर्गन डिसफङ्सन सिन्ड्रोम' (शरीरका विभिन्न महत्त् वपूर्ण अङ्गले एकसाथ काम गर्न छाड्ने अवस्था) रहेको उल्लेख गरेको छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
मुख्य शाखा कार्यालय
राजापुर, बर्दिया

कनिका विक्री सम्वन्धि सिलबन्दि दरभाउ पत्र आव्हानको सुचना।

दोस्रो पटक सुचना पकाशित मिति २०८३।०८।०३ गते

चालु आ.व. ०८२।०८३ को माघ सम्म खरिद भएको धान ३०००७।८६ क्वी.बाट उत्पादन हुने अनुमानित करिव कनिका ३२००.०० क्वीन्टलको देहायका शर्तहरूको अधिनमा रही विक्री गर्नु पर्ने भएकाले खरिद गर्न चाहने सुचिकृत इच्छुक फर्म वा कम्पनिहरूले शिलबन्दी दरभाउ पत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ।

शर्तहरू :-

१. दरभाउ पत्र मिति २०८३।०८।०३ गते देखि मिति २०८३।०८।०५ गते सम्म कार्यालय समय भित्र प्रति थान दरभाउ पत्र रु.१०००।-(एक हजार) (फिर्ता नहुने गरि) तिरि यस कार्यालयबाट खरिद गर्न सकिने छ।

२. दरभाउ पत्र फारम मिति २०८३।०८।०६ गते दिनको १२:०० बजे सम्म कम्पनीको राजापुर कार्यालयमा दर्ता गराउनु पर्ने छ। दर्ता हुन आएका दरभाउ पत्रहरू ईलाका स्तरिय कार्यालयहरू र दरभाउ पत्र दाता वा निजको प्रतिनिधीको रोहबरमा सोही दिनको २:०० बजे खोलिने छ तर दरभाउ पत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउ पत्र खोल्ने कार्य रोकिने छैन।

३. दरभाउ पत्रदाताले के कति दरमा उप-पदार्थहरू खरिद गर्ने हो अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा कबोल दर फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ।

४. दरभाउ पत्र साथ फर्म रजिष्ट्रेसनको प्रमाण पत्र,स्थायी लेखा नम्बर / मूल्य अभिबृद्धि कर नम्वर , कर चुक्ता प्रमाण पत्र आदि कागजको प्रमाणित छाया प्रति पेश गर्नु पर्नेछ।

५. प्रत्येक उप-पदार्थको छुट्टा छुट्टै दरभाउपत्र पेश गर्नु पर्नेछ र दरभाउपत्र साथ आफुले कबोल गरेको रकमले सूचनामा उल्लेख गरेको परिमाणको हुने रकमको ३% ले हुने रकम धरौटी बापत कम्पनीको माछापुच्छे बैक लिमिटेडको चल्ती खाता ०१४००१६२७८२०००१७ मा तथा माछापुच्छे बैक लिमिटेडको शाखा उपलब्ध नभएको स्थानमा नेपाल बैक लिमिटेडको खाता ००२००१००५०२४२४०००००१ मा जम्मा गरेको सक्कलै भौचर वा दरभाउ पत्र पेश गरेको मितिले कम्तीमा ६ (छ) महिना अवधि भएको बैंक जमानी (विड बोण्ड)पेश गर्नु पर्नेछ।

६. दरभाउ पत्र दाताले आफुले खरिद गर्न चाहेको उप-पदार्थको दर प्रति क्वीण्टल स्पष्टसंग उल्लेख गर्नु पर्ने छ।

७. न्यूनतम लागत मूल्य भन्दा माथि सबै भन्दा बढि अंक कवोल गर्ने फर्म वा कम्पनीको दर लाई स्वीकृत गरिने छ र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीको प्रधान कार्यालयलाई हुनेछ।

८. रित नपुगेको र म्याद नाघी आएको दरभाउ पत्रलाई मान्यता दिईने छैन।

९. दरभाउ पत्र दर्ता गराउने र खोल्ने दिनमा बिदा परेमा सोको भोली पल्ट सम्म बुझाउने र खोलिने म्याद कायम रहनेछ।

१०.खरिद कर्ताले खरिद गर्ने उप-पदार्थहरू हेर्न र अन्य केही बुझ्न चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

११. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिनभित्र ५ प्रतिशत धरौटी पेश गरी सम्झौता गर्नु पर्नेछ र उप-पदार्थ खरिद गर्दा लाग्ने मुल्य बराबरको रकम कार्यालयमा अग्रिम दाखिला गरि रित पूर्वक कम्पनीको गोदाममा तौलाई चौकाई गरि राखेको उप-पदार्थ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा उठाउनु पर्नेछ।

१२. उप-पदार्थ खरिद गर्दा लाग्ने पल्लेदारी खर्च / अन्यखर्च / कर आदि सबै खरिद कर्ता स्वयंले तिर्नु पर्नेछ।

१३. उपरोक्त उप-पदार्थहरूको न्युनतम लागत मूल्य तपशिल बमोजिम रहेको छ।

- कनिका प्रति क्वी. रु. ३८१०।- (अक्षेरूपी तिनहजार आठ सय दस मात्र)

थप जानकारीको लागी कम्पनीको website-www.fmtc.org.np तथा मुख्य शाखा कार्यालय राजापुर बर्दियाको फोन नम्वर ०८४-४६०१६५ मा कार्यालय समयमा बुझ्न सकिने छ।



समाचार र विचारको स्वतन्त्र संवाहक

kalpristhanews.com

नेपालगन्ज म्याराथनको सहकार्य साझा पाटीसँग

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २ मंसिर

धारा नेपालगन्ज म्याराथनको प्रचारप्रसारलाई थप प्रभावकारी र व्यापक बनाउन नेपालगन्ज म्याराथन र साझा पाटी डट कमबीच सहकार्य गर्ने सम्झौता भएको छ। सम्झौताअनुसार साझा पाटी म्याराथनको न्युज एग्रिगेटर पार्टनरका रूपमा जोडिएको छ।

सम्झौतापत्रमा नेपालगन्ज म्याराथनका संस्थापक अध्यक्ष टीएस ठकुरी र साझा पाटीका प्रबन्ध निर्देशक प्रवीण अधिकारीले हस्ताक्षर गरेका छन्।

सम्झौतापछि डिजिटल दुनियाँमा साझा पाटीसँगको सहकार्यले नेपालगन्ज म्याराथनलाई थप चर्चित बनाउन र यसको प्रचारप्रसारलाई नयाँ उचाइमा पुऱ्याउन मद्दत पुग्ने विश्वास म्याराथनका संस्थापक अध्यक्ष ठकुरीले व्यक्त गरे। पछिल्लो समय डिजिटल माध्यमको प्रभाव र पहुँच बढिरहेको अवस्थामा समाचार तथा सूचना प्रवाहमा साझा पाटीसँगको सहकार्य महत्वपूर्ण हुने उनको भनाइ छ।

त्यस्तै, साझा पाटीका प्रबन्ध निर्देशक अधिकारीले नेपालगन्ज म्याराथनसँगको सहकार्यले साझा पाटीको विस्तार र प्रचारप्रसारमा थप योगदान पुग्ने अपेक्षा व्यक्त गरे। खेलकुद क्षेत्रसँग जोडिन पाउनु र त्यसमा पनि एथ्लेटिक्सजस्तो महत्वपूर्ण विधासँग सहकार्य गर्न पाउनु थप खुसीको विषय भएको उनले बताए।

साझा पाटी डट कम समाचार एग्रिगेटर प्लेटफर्म हो। यसले विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारलाई एकै स्थानमा उपलब्ध गराउँदै पाठकलाई सत्य तथ्य समाचार तथा सूचना सहज रूपमा प्राप्त गर्ने अवसर प्रदान गर्दै आएको छ।

धारा नेपालगन्ज म्याराथनको १२औँ संस्करण यही मंसिर १२ गते शनिबार नेपालगन्जमा आयोजना हुँदैछ। स्थानीय बीपी चोकबाट सुरु हुने प्रतियोगितामा म्याराथन, हाफ म्याराथन, १० किलोमिटर, ५ किलोमिटर, कर्पोरेट रन, किड्स रन, ह्वीलचेयर रन, फेमिली रनलगायत १२ विधा समावेश छन्।

सन् २०१५ देखि नियमित रूपमा आयोजना हुँदै आएको नेपालगन्ज म्याराथनले पछिल्ला वर्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आफ्नो पहिचान विस्तार गर्दै आएको छ। विभिन्न संघसंस्था तथा व्यावसायिक प्रतिष्ठानलाई कम्युनिटी र पार्टनरका रूपमा जोड्दै आएको आयोजकले यस वर्ष पनि समुदायको सहभागिता र सहकार्यलाई प्राथमिकता दिएको छ। पाटी डट कम समाचार एग्रिगेटर प्लेटफर्म हो। यसले विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारलाई एकै स्थानमा उपलब्ध गराउँदै पाठकलाई सत्य तथ्य समाचार तथा सूचना सहज रूपमा प्राप्त गर्ने अवसर प्रदान गर्दै आएको छ।

धारा नेपालगन्ज म्याराथनको १२औँ संस्करण यही मंसिर १२ गते शनिबार नेपालगन्जमा आयोजना हुँदैछ। स्थानीय बीपी चोकबाट सुरु हुने प्रतियोगितामा म्याराथन, हाफ म्याराथन, १० किलोमिटर, ५ किलोमिटर, कर्पोरेट रन, किड्स रन, ह्वीलचेयर रन, फेमिली रनलगायत १२ विधा समावेश छन्।

सन् २०१५ देखि नियमित रूपमा आयोजना हुँदै आएको नेपालगन्ज म्याराथनले पछिल्ला वर्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आफ्नो पहिचान विस्तार गर्दै आएको छ। विभिन्न संघसंस्था तथा व्यावसायिक प्रतिष्ठानलाई कम्युनिटी र पार्टनरका रूपमा जोड्दै आएको आयोजकले यस वर्ष पनि समुदायको सहभागिता र सहकार्यलाई प्राथमिकता दिएको छ।

नेतृत्व र प्रदर्शनमा कप्तानहरूको प्रतिस्पर्धा

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २ मंसिर

तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) टी-२० क्रिकेट प्रतियोगिता अन्तिम चरणमा पुगेको छ।

उपाधि विजेताको टुङ्गो लाग्न अब तीन खेल बाँकी छन्। प्रतियोगितामा सहभागी टोलीका कप्तानको व्यक्तिगत प्रदर्शन हेर्दा सुदूरपश्चिम रोयल्सका दीपेन्द्रसिंह ऐरी सफल देखिएका छन्।

ऐरीले ब्याटिङ, बलिङ र फिल्डिङ तीनै क्षेत्रमा प्रभावशाली प्रदर्शन गर्दै सुदूरपश्चिमलाई प्लेअफसम्म पुर्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। उनले आठ खेलमा २०२ रन बनाएका छन्। यस क्रममा तीन अर्धशतक प्रहार गरेका उनी सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा तेस्रो स्थानमा छन्।

बलिङतर्फ उनले पाँच विकेट लिएका छन्। पहिलो संस्करणको एनपीएलमा पनि उत्कृष्ट प्रदर्शन गरेका ऐरीले कार पुरस्कार जितेका थिए। यस संस्करणमा पनि उनको प्रदर्शनले उक्त पुरस्कार जित्ने सम्भावना बलियो बनाएको छ।

लुम्बिनी लायन्सका कप्तान रोहितकुमार पौडेलको प्रदर्शन पनि सन्तोषजनक छ। उनको नेतृत्वमा लुम्बिनी फाइनलमा पुगेको छ। रोहितले सात खेलमा १२१ रन बनाउनुका साथै चार विकेट लिएका छन्। उनले गत संस्करणमा उत्कृष्ट अलराउन्ड प्रदर्शन गर्दै कार पुरस्कार जितेका थिए।

काठमाडौं गोर्खाजका कप्तान करण केसीले पनि यस संस्करणमा राम्रो प्रदर्शन गरेका छन्। उनको नेतृत्वमा टोलीले प्लेअफमा स्थान बनाएको छ। करणले सात खेलमा आठ विकेट लिनुका साथै ८९ रन बनाएका छन्।

चितवन राइनोजका कप्तान जिम्बाम्वेका अलराउन्डर सिकन्दर रजाको व्यक्तिगत प्रदर्शन भने अपेक्षाअनुसार हुनसकेको छैन। उनको नेतृत्वमा चितवन प्लेअफमा पुगे पनि उनले पाँच खेलमा ५६ रनमात्र बनाएका छन्। बलिङतर्फ उनले पाँच विकेट लिएका छन्।

कर्णाली याक्सले यस संस्करणमा सुरुआती खेलमा सोमपाल कामी र लिग चरणको अन्त्यतिर डेभिड मिलरलाई कप्तानको जिम्मेवारी दिएको थियो। सोमपालले सात खेलमा एक अर्धशतकसहित १२५ रन बनाएका छन्। बलिङतर्फ उनले ८.९० को इकोनोमी रेटमा १० विकेट लिएका छन्।

त्यस्तै, मिलरले कर्णालीका लागि चार खेलमा एक अर्धशतकको मद्दतमा ११० रन बनाएका छन्। यस संस्करणमा उनको उच्च स्कोर अविजितको ९३ रन हो। मिलरले पहिलोपटक एनपीएल खेलेका हुन्।

विराटनगर किङ्सका कप्तान सन्दीप लामिछानेको नेतृत्वमा टोलीको प्रदर्शन उतारचढावपूर्ण रह्यो। विराटनगर प्लेअफमा पुग्न सकेन। सन्दीपले सात खेलमा सात विकेटमात्र लिए। पाँच खेलमा उनी विकेटविहीन रहे। ब्याटिङतर्फ पनि उनको प्रदर्शन उल्लेखनीय हुन सकेन।

पोखरा एभेन्जर्सले सुरुआती खेलमा कुशल भुर्तेललाई कप्तान बनाएको थियो। टोलीको लगातार खराब प्रदर्शनपछि लिग चरणको अन्त्यतिर श्रीलङ्काका अलराउन्डर चमिका करुणारत्नेलाई कप्तानीको जिम्मेवारी दिइयो।

कुशलले सात खेलमा दुई अर्धशतकसहित २३५ रन बनाएका छन्। बलिङतर्फ उनले छ विकेट लिएका छन्। त्यस्तै, करुणारत्नेले छ खेलमा ८५ रन बनाउनुका साथै चार विकेट लिएका छन्।

जनकपुर बोल्ट्सले यस संस्करणमा अमेरिकाका अलराउन्डर हरमित सिंहलाई कप्तान बनाएको थियो। उनको नेतृत्वमा जनकपुर अङ्कतालिकाको पुछारमा रह्यो। यद्यपि, व्यक्तिगत रूपमा हरमितले बलिङमा राम्रो प्रदर्शन गरे। उनले सात खेलमा ११ विकेट लिनुका साथै ९० रन बनाएका छन्। रासस

राप्ती सोनारीमा १० परिवारले पाए जग्गाधनी पुर्जा

कालपृष्ठ समाचारदाता

राप्ती सोनारी, २ मंसिर

बाँकेको राप्ती सोनारी गाउँपालिकामा भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासी १० परिवारलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गरिएको छ। राप्ती सोनारी गाउँपालिका-४, बैजापुरका १० परिवारलाई बुधबार एक कार्यक्रमबीच जग्गाधनी प्रमाणपुर्जा प्रदान गरिएको हो।

जिल्ला भूमि समस्या समाधान समिति बाँकेको आयोजना तथा राप्ती सोनारी गाउँपालिकाको सहयोग र सहकार्यमा वडा कार्यालय बैजापुरमा आयोजित कार्यक्रममा लामो समयदेखि जग्गाधनी प्रमाणपुर्जाको पर्खाइमा रहेका परिवारलाई जग्गाको कानुनी स्वामित्व स्थापित गर्ने प्रमाणपुर्जा वितरण गरिएको हो।

प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला भूमि समस्या समाधान समिति बाँकेका अध्यक्ष दिल कुमार तामाङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बाँके क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य सुरेश कुमार चौधरी र राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष तप्त बहादुर पौडेलको विशिष्ट आतिथ्यता रहेको थियो।

राप्तीसोनारी गाउँपालिका-४ का वडाध्यक्ष मिनराज खड्काका अनुसार जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्नेमा स्थानीय भीम बहादुर विष्ट र दिपा विष्ट, चेत प्रकाश दमाई र निर्मला दमाई, जंगे कामी र कलि कामी, विस्णी दमाई र मंसराम दमाई, केशरी घर्ती मगर र देविराम घर्ती मगर, दुर्गा बहादुर पुन र मनु देवी पुन, टंक बहादुर मल्ल र विष्णु देवी मल्ल, जानकी विष्ट र छविलाल विष्ट, वीर बहादुर घर्ती मगर तथा सीता कुमारी कुम्हार र पुरन कुम्हार रहेका छन्।

कार्यक्रममा सांसद चौधरी, गाउँपालिका अध्यक्ष पौडेल, उपाध्यक्ष मनिषा सिंह थारु, प्रमुख जिल्ला अधिकारी तामाङ र वडाध्यक्ष खड्काले लाभग्राही परिवारलाई संयुक्त रूपमा जग्गाधनी दर्ता प्रमाणपुर्जा हस्तान्तरण गरेका थिए।





कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।